# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खोपवा, बारा
प्रदेश नं.-२, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना
(प्रकाशित मिति २०७६/११/२५)

यस कार्यालय अन्तर्गत निम्न बमोजिमको कार्य शिलबन्दी दरभाउपत्रबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः**

१. दरभाउपत्र फाराम तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथ नवीकरण भएको निर्माण व्यवसाय इजाजत पत्र, आ.व. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्र तथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट १२:०० बजे सम्म यस कार्यालयमा दरभाउपत्र दर्ता गराउन सकिनेछ । रीतपुर्वक समय भित्र प्राप्त शिलबन्दी दरभाउपत्र, सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र साथ ठेक्काको लागि तपसीलमा उल्लेखित जमानत वापतको रकम बारागढी गाउंपालिका, बारा को Himalayan Bank Ltd खोपवामा रहेको स्थानीय निकाय धरौटी खाता नं **05408646290014** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको बैंक जमानत सक्कलै पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्रमा दररेट उल्लेख गर्दा बील अफ क्वान्टिटी को प्रत्येक आईटम को अंक र अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्य हुनेछ ।

५. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ ।

६. दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, शिलबन्दी दरभाउपत्रदाताको नाम, ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

७. शिलबन्दी दरभाउपत्र पेश गर्दा खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा लगतै क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

८. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयबाट बुझ्न सकिनेछ ।

९. अन्य शर्तहरु प्रचलित ऐन तथा नियमावली वमोजिम हुनेछ ।

**ठेक्का विवरण**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम रु (मु.अ.कर समेत) | जमानत रकम | दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | ०३/०७६/०७७ | हैण्डपम्प जडान | ५,८२,००७/- | १४,५५०/- | १०००/- |
| २ | ०४/०७६/०७७ | कटैया खोला पूल निर्माण, वडा नं. ४ | १९,४५,३९१/- | ४८,७००/- | १०००/- |
| ३ | ०५/०७६/०७७ | बारागढी गेट निर्माण वडा नं. ३, खोपवा | १०,३३,८९८/- | २५,८४८/- | १०००/- |